# विराटनगर महानगरपालिका

बैठक संख्या: ३० बजे

बैठक प्रारम्भ: विहान ८:००

मिति: २०७५/०७/१६

बैठक स्थगन: १०.०० बजे

विराटनगर महानगरपालिकाका नगर प्रमुख श्री भीम पराजुली ज्युको अध्यक्षतामा आज विराटनगर महानगरपालिका नगरकार्यपालिकाको वैठक बसी निम्न उपस्थितिमा निम्नलिखित निर्णय गरियो ।

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री भीम पराजुली | |
| २ | उपप्रमुख | श्री इन्दिरा कार्की | |
| ३ | सदस्य | का.वा.श्री कमला रिजाल | |
| ४ | सदस्य | श्री कुमार पोखरेल | |
| ५ | सदस्य | श्री बिनोद कुमार बस्नेत | |
| ६ | सदस्य | श्री देबेन्द्रराज पोखरेल | |
| ७ | सदस्य | श्री मिनकुमार आचार्य | |
| ८ | सदस्य | श्री बिजय कामत | |
| ९ | सदस्य | श्री मधूबाबु तिवारी | |
| १० | सदस्य | श्री निश्चल अर्याल | |
| ११ | सदस्य | श्री विश्वनाथ भगत | |
| १२ | सदस्य | श्री माधवराज वाग्ले | |
| १३ | सदस्य | श्री तिर्थेन्द्र न्यौपाने | |
| १४ | सदस्य | श्री हिरालाल कामत | |
| १५ | सदस्य | का.व.श्री शंकर प्र.यादव | |
| १६ | सदस्य | श्री बलदेव यादव | |
| १७ | सदस्य | श्री असलम आलम | |
| १८ | सदस्य | श्री मनोज सुब्बा | |
| १९ | सदस्य | श्री समिम कमर | |
| २० | सदस्य | श्री संजय कुमार साह | |
| २१ | सदस्य | श्री बद्रीनारायण सरदार | |

| | | | |
|---|---|---|---|
| २२ | सदस्य | श्री चम्पा देवी खत्री | |
| २३ | सदस्य | श्री शिला श्रेष्ठ | |
| २४ | सदस्य | श्री बिना मण्डल | |
| २५ | सदस्य | श्री कमला सुब्बा | |
| २६ | सदस्य | श्री शुशिला पोखरेल (ओझा) | |
| २७ | सदस्य | श्री अरुण खेतान | |
| २८ | सदस्य | श्री राजेश भुजेल | |
| २९ | सदस्य | श्री गायत्री कुमारी दास | |
| ३० | सदस्य सचिव | श्री कुमारप्रसाद दाहाल | |
| ३१ | आ.सहयोगी | श्री अर्जुन थपलिया(सामान्य प्र.महाशाखा) | |

**निर्णय नं.१**

विराटनगरमा २०७५ साल पौष २ .मा हुन गईरहेको साफ महिला फुटवल खेलका लागि महानगरपालिकाको तर्फवाट आवश्यक सहयोग र समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

विराटनगर महानगरपालिका क्षेत्रभित्रका सडकवाटो नामाकरण गर्नका लागि प्रमुख श्री भीम पराजुलीको संयोजकत्वमा तपसिल बमोजिमको समिति गठन गरियो ।

तपसिल:

संयोजक : श्री भीम पराजुली, प्रमुख, विराटनगर महानगरपालिका

सदस्य : श्री ईन्दिरा कार्की,उपप्रमुख,विराटनगर महानगरपालिका

सदस्य : श्री विश्वनाथ भगत,वडा अध्यक्ष, वडा न. ९

सदस्य : श्री हिरालाल कामत, वडा अध्यक्ष, वडा न. १२

**निर्णय नं. ३**

विरानगर महानगरपालिका अन्तर्गतका १९ वटै वडाहरुका वर्षायाममा ढुवानका कारणले क्षति भएका वाटाहरुमा गिटी हाल्न सार्वजनिक खरिद ऐनको खरिदका अन्य विधि अपनाउदां नगरवासीहरुलाई सहजै आवत जावतलाई कठिनाई हुने भएकोले तत्कालै ग्राभेल हाल्नुपर्ने भएको हुदां सार्वजनिक खरिद ऐन २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ विशेष परिस्थितिमा खरिद गर्ने सम्वन्धि व्यवस्थालाई आधारमानि वडा कार्यालयवाट/नगरस्तरियको महानगरपालिकावाट आआफ्ना वडाहरुमा झारेका ग्राभेल(गिटी) सम्वन्धित वडा स्तरिय वजेटवाट भुक्तानी हुने गरी प्राविधिक मुल्यांकन, भ्याट विल, वडा कार्यालयको बैठकको निर्णय प्रतिलिपिका आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**
International Conference on Inclusive Education,New Delhi मा हुन गईरहेको समाहित शिक्षा सम्वन्धि कार्यक्रम आदर्श मा.वि.,विराटनगर वडा न. ७ लाई नमूना विद्यालयको रुपमा संचालन गर्ने गरि उक्त कार्यक्रममा सहभागि हुन कार्यालयका तर्फवाट ६ जना प्रतिनिधि पठाउने र टिप्पणीमा पेस भए बमोजिमको ९(नौ) दिनको भ्रमण खर्च एकमुष्ट रु.२,९१,०००।००(दुई लाख एकानब्बे हजार )मात्र स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**
विराटनगर महानगरपालिका वडा न. ८ मा आ.व. २०७४/०७५ सालमा स्विकृत योजना मध्ये डिल्ली वहादुर कार्किको घरदेखि पुर्व विदुर निरौलाको घरहुदै ध्रुव थापाको घर सम्म ग्राभेल कार्य गर्न उपभोक्ता समिति संग मिति ०७५/१/३० मा संझौता भएकोमा उपरोक्त योजना संचालन हुन नसक्ने भनि उपभोक्ता समितिको निर्णय साथ वडा कार्यालयवाट सिफारिस प्राप्त भएकोले उक्त योजनामा स्विकृत रकम सोहि वडाको बद्रिनारायण मार्गमा नाला निर्माण कार्यको लागि मिति २०७५/१/१३ मा भएको संझौता अनुसार संचालित योजनामा रकमान्तर गरी कार्य नभएको उपभोक्ता समितिको नामको पेश्कि रकम दाखिला गराई संझौता रद्ध गर्ने निर्णय गरियो ।

**निर्णय नं ६**
स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिम वडा समितिको काम,कर्तब्य र अधिकार सम्वन्धि कार्यविधि तयार गर्न साथै आवश्यक तालिम प्रक्रिया अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं ७**
विराटनगर महानगरपालिका क्षेत्रभित्र उत्पन्न हुने ठोस फोहोरमैला ब्यवस्थितरुपवाट ब्यवस्थापन गर्न अध्यायनका लागि परामर्शदाताको छनौट गर्न आवश्यक प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं**
भारी सवारी साधन संचालन तथा ब्यवस्थापन गर्न वडा न. ४ का अध्यक्ष तथा कार्यपालिका सदस्य श्री देवेन्द्र पोखरेलको संयोजकत्वमा तपसिल बमोजिमको सदस्य रहने समिति निर्माण गर्ने निर्णय गरियो ।

तपसिल:

| | |
|---|---|
| संयोजक | : श्री देवेन्द्र पोखरेल, कार्यपालिका सदस्य |
| सदस्य | : श्री वलदेव यादव, कार्यपालिका सदस्य |
| सदस्य | : श्री कुमार पोखरेल,कार्यपालिका सदस्य |